प.स. २०८२।०८३
च.न.

# डिजिटल डिस्प्ले बोर्ड, बिज्ञापन होर्डिङ्ग बोर्ड, घर सटरभित्ता एवं व्यवसाय स्थलमा राखिएका फुटकर, विज्ञापनहरुको विज्ञापन कर संकलन बारे ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना।

## (प्रथम पटक प्रकाशन मिति-२०८३/०३/२२)

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, प्युठानले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (सशोधित समेत) को दफा ५ को (घ) मा विज्ञापनको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने अधिकार दिएको छ । लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८३ को दफा ५ ले समेत विज्ञापन करको दर तोक्ने तथा उठाउने अधिकार स्थानीय तहलाई दिएको छ ।उक्त कार्यका लागि सरुमारानी गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा २३ को अनुसूची-२३ मा उल्लेख भएको दररेट बमोजिम सरुमारानी गाउँपालिकाको क्षेत्र भित्र रहेका डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डीङ्ग बोर्ड तथा बिघुतीय प्रचार सामाग्री सम्बन्धी विज्ञापन कर संकलनको कार्य, शिलबन्दी प्रस्तावको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न रीतपूर्वक १५ (पन्ध्र) दिने शिलबन्दी प्रस्ताव आह्वान गरिएको छ ।योग्यतापुगेका ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले देहाय बमोजिमका शर्तहरुका अधिनमा रही तोकिएको मिति र समयभित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपिशलः-

| ठेक्का न | विवरण | न्यूनतम ठेक्का मूल्य (मू.अ.कर बाहेक) | जमानत रकम | प्रस्ताव फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| SRM/SQ/IR-02/083/84 | विज्ञापन कर | ७५,०००.०० | कवोल अंकको-३ प्रतिशत | १०००.०० | |

१. इच्छुक प्रस्तावदाताले व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा फर्म/व्यवसायको हकमा प्रचलित कानून वमोजिम दर्ता भएको वा इजाजत प्राप्त फर्म वा सस्थाले फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, आ.ब.२०८२/०८३ सम्मको फर्म नविकरण प्रमाणपत्र प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशन भएको १५ औं दिनको (मितिः २०८३।४।४ गते) कार्यालय समयसम्म प्रस्ताव फारम खरिद गर्नु पर्नेछ ।

सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८२।०८३
च.न.

२. यस सूचना प्रकाशन भएको मितिले १६ औं दिन (मिति २०८३।४।५ गते) को १२.०० बजे भित्र यस कार्यालयवाट खरिद गरिएको प्रस्ताव फारम भरी, कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्ताव फारममा आफुले उक्त कार्य के कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ। कार्यालयमा पेश भएका उक्त प्रस्तावहरु सोही दिनको २.०० बजे पछि वोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।

३. प्रस्ताव फारम खरिद बापतको रकम यस कार्यालयको प्राईम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA 1.1 SARUMARANI ANTARIK RAJASWA KHATA 06801000000038500117 खातामा जम्मा गरेको कारोबार संकेत नं. सहितको सक्कलै भौचर अथवा https://sutrarevenue.fcgo.gov.np (स्थानीय राजश्व पोर्टल) मार्फत अनलाइन भुक्तानी गरेको भौचर प्रस्ताव फारम संग संलग्न गरी पेश गर्नुपर्नेछ।

४. जमानत रकम कवोल अंकको ३ प्रतिशत यस कार्यालयको प्राईम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA.3 SARUMARANI DHARAUTI KHATA-06801000000039400101 मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको विडवण्ड प्रस्ताव फारमको साथ दाखिला गर्नु पर्नेछ।

५. आय ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने प्रस्ताव फारममा उल्लेख गरिएको छ। वोलपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नुपर्नेछ ।थप जानकारीको लागि कार्यालयको वेवसाइट https://sarumaranimun.gov.np/ र फोन नं. ९८४७८२०४९१ र ९८५७८६८०२७ मा सम्पर्क गर्न सकिनेछ ।

२०८२/३/२२
त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ ,Website:www.sarumaranimun.gov.np